




PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratee kdaily.com








❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 19 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५७


## धान भित्र्याउने बेलामा वर्षा हुँदा किसानहरू मारमा

प्रस, सेढवा, १ कात्तिक/

धानबाली भित्र्याउने बेलामा सोमवार बिहान पानीसँगै तीव्र गतिमा चलेको हावाका कारण धानबालीमा क्षति पुगेको छ ।



जीराभवानी र पर्सागढीमा सोमवार आएको हावापानीले खेतमैं ढलेको धानबाली । तस्वीरः प्रतीक

जीराभवानी गापा–२ सेढवा निवासी किसान प्रेमनारायण महतोले पाकेको भदई मन्सुली धान कटानी गरी खेतमैं राखेको अवस्थामा पानीले नोक्सान गरेको बताए। धान समयमैं खेतबाट निकाल्न नपाए भोलि नै उम्रिने महतोले गुनासो गरे ।

त्यस्तै, सोना मन्सुली तथा मोटरी मन्सुली धानका बालालाई हुरीले ढालेको छ ।

धानको बालामा दाना लागिरहेको बखत टुप्पो भारी भएर हावाले धानको बाला ढालेकाले उत्पादनमा निकै ह्रास आउने किसानहरूले बताए ।

सोना मन्सुली धानको बाला निस्किने बेला परेको पानीले बालामा भएका फूलहरू झर्दा बालामा दाना नलागी खखरा हुने चिन्ताले सताएको पटेर्वासुगौली गापा–३ का भागवत चौधरीले बताए। त्यस्तै, यो पानीले तरकारीबालीमा पनि नोक्सानी गरेको चौधरीले बताए ।

कात्तिक महीनामा लगाउने हिउँदे बाली अन्तर्गत आलु, काउली, खुर्सानी, मूला, रायो, भन्टालगायतका बालीमा पनि पानीले नराम्रो असर पुऱ्याएको छ। कतिपय किसानले आलु तथा तेलहनका लागि तोरी छरिसकेको हुँदा अब जमीनमैं कुहिने जीराभवानी गापा–१ शान्तिनगरका किसान रवीन्द्र श्रेष्ठले बताए। पानी परेको कारण तोरीखेतीमा समेत ढिलाइ हुने भएको श्रेष्ठको भनाइ छ ।

सुर्ती बालीका लागि यो पानीले फाइदा पुऱ्याए पनि रोपाइँमा भने ढिलो भएको किसानहरूले जनाएका छन् । ठोरी गाउँपालिकामा तोरी र सुर्तीबाली मुख्य हिउँदे बाली हुन् ।

*प्रस, बिरुवागुठी/*

सोमवार बिहान आएको हावासहित पानीको कारण पर्साका ग्रामीण भेगमा धानबालीमा क्षति पुगेको छ ।

धान पाक्ने समयमा सोमवार बिहान आएको हावापानीको कारण बाली खेतमा असरल्ल परेर ढलेको छ । अझै पनि हावापानीको सम्भावना रहेको कारण धान काट्न नपाउँदै धान खेतमा उम्रने हो कि भन्ने चिन्ता पर्सागढी नपा–३ का किसान नारायणप्रसाद दाहालले व्यक्त गरेका छन्।

हावापानीको कारण करीब २०औं बिघा धानबाली खेतमा ढलेको छ ।

## सीमा खुलेसँगै पेट्रोलियम पदार्थको हाहाकार

प्रस, वीरगंज, १ कात्तिक/

बारा, पर्सा, रौतहट, सर्लाहीलगायत प्रदेश २ का अधिकांश जिल्लामा पेट्रोलियम पदार्थको हाहाकार भएको छ।



वीरगंजको एउटा पेट्रोल पम्प । तस्वीरः प्रतीक

पेट्रोलियम पदार्थ नहुँदा वीरगंज लगायत ग्रामीण क्षेत्रका पेट्रोल पम्पहरू बन्द भएको कारण चालक तथा यात्रीहरूलाई समस्या परेको छ ।

अहिले एम्बुलेन्सलगायत अति जरूरी परेकाहरूले रक्सौलमा पुगी तेल भर्न थालेका छन् । यस विषयमा नेपाल पेट्रोलियम डिलर एसोसिएशनका अध्यक्ष विनोद चौरसियासँग बुझ्दा २ दिनदेखि इन्धन सकिएको बताए ।

आयल निगमका निर्देशक दीपक बरालको निर्देशनमा अमलेखगंज डिपोबाट ८० प्रतिशत इन्धन काठमाडौंलगायत अन्य पहाडी जिल्लामा दशैंको बेला पठाएको चौरसियाले बताए। डिपो खाली रहेकोले अमलेखगंजबाट तेल वितरण बन्द भएको उनले बताए ।

दशैंको कारण कर्मचारी बिदामा रहेकाले भारतबाट इन्धन आएपछि तराईका जिल्लाहरूमा आपूर्ति हुने बताए। आज केही गाडी लोड भएकोले आजदेखि केही पम्पहरूबाट इन्धन वितरण हुने बताए ।

## कात्तिक दुई गते सार्वजनिक बिदा




प्रस, जनकपुरधाम, १ कात्तिक/

प्रदेश २ सरकारले भोलि कात्तिक २ गते मङ्गलवार सार्वजनिक बिदा दिने भएको छ। इस्लाम धर्माम्वलम्बीहरूका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मदिनको अवसरमा प्रदेश २ सरकारले २०७८ कात्तिक २ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

पैगम्बर हजरत मोहम्मदको जन्मदिनको अवसरमा बिदा दिने कुरा मुलुकको राजपत्रमा उल्लेख गरिएको र सोहीबमोजिम सार्वजनिक बिदा दिइएको प्रदेश २ सरकारको निर्णयमा उल्लेख छ। दशैं बिदापछि सञ्चालनमा आउने सरकारी कार्यालयहरू अब बुधवारबाट मात्र सञ्चालनमा आउने भएका छन् ।

## वीरगंजको समस्याबारे वीउवासङ्घ र प्रजिअ ढकालबीच छलफल

प्रस, वीरगंज, १ कात्तिक/

वीरगंज उद्योग वाणिज्य सङ्घले नवआगन्तुक प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालसँग छलफल गरेको छ।




तस्वीर सौजन्य : वीउवासङ्घ

सोमवार वीउवासङ्घको सभाकक्षमा भएको भेटघाट कार्यक्रममा अध्यक्ष सुबोधकुमार गुप्ताले उद्योगी–व्यवसायीहरूले भोगिरहेका समस्याबारे प्रजिअ ढकाललाई जानकारी गराएका थिए। उनले वीरगंजलगायत पर्सा/बारा क्षेत्रमा आर्थिक क्रियाकलाप बढी हुने र खुला नाका भएकोले आपराधिक गतिविधि सोही अनुपातमा हुन सक्ने भएकोले सुरक्षा व्यवस्थाको प्रबन्धको लागि आग्रह गरे। अध्यक्ष ढकालले ७० प्रतिशत जति कार्गो यसै नाकाबाट आयात हुने गरेको र राष्ट्रिय राजस्वमा ५०–६० प्रतिशतको योगदान यस क्षेत्रको रहेकोले सोहीअनुरूप यस क्षेत्रको भौतिक पूर्वाधारको विकास हुनुपर्ने बताए ।

कार्यक्रममा प्रजिअ ढकालले पर्सा जिल्लावासीको शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न र आपराधिक गतिविधिलाई पूर्णरूपमा निरुत्साहित तुल्याउन प्रभावकारी भूमिका निर्वहन गर्ने बताए। शान्ति सुरक्षा कायम राख्न निजी क्षेत्रका साथै सर्वसाधारणको समेत भूमिका अपरिहार्य रहेकोले समन्वय र सहकार्यको लागि आग्रह गरे। वीरगंजको भौतिक विकासको लागि पनि प्रशासन र निजी क्षेत्र समन्वय एवं सहकार्य गरी अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा वीउवासङ्घका निवर्तमान अध्यक्ष गोपाल केडिया, पूर्वअध्यक्ष अशोक बैद, महासचिव मनोजकुमार दास, सचिव आशिष लाठ, कार्यसमिति सदस्य सुमन क्याल, शिवजीप्रसाद साह, अवधेश सरावगीलगायतले वीरगंजमा ध्वनि प्रदूषण, बजार क्षेत्रमा हुने ट्राफिक व्यवस्थापन, औद्योगिक करिडोरमा शान्ति सुरक्षाको व्यवस्था, विन्ध्यवासिनी–वीरगंज सडकखण्डमा दिनहुँ हुने गरेको जामलाई व्यवस्थित गर्नुपर्ने, वीरगंज–रक्सौल मितेरी पुलको जीर्णोद्धार गर्नुपर्ने, वीरगंज–रक्सौलबीचको अवैध व्यापारलाई निरुत्साहित गर्नुपर्नेलगायतका सुझाव दिएका थिए । कार्यक्रममा सङ्घका उपाध्यक्ष माधव राजपालले धन्यवाद ज्ञापन गरेका थिए ।


एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एकापसमा भेदभाव नगरौं, धार्मिक–सांस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## चाडपर्वको मौका छोपेर काठ तस्करीमा वृद्धि

बलिराम शुक्ल, बिरुवागुठी १ कात्तिक /



पक्राउ परेका पासपत राम र बरामद भएको काठ र साइकल । तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–४ बक्नेर्वा गाउँनजीकबाट गएराति २:३० बजे वन सुरक्षा गस्ती टोलीले एक थान सालको गोलिया, साइकलसहित एकजना काठ तस्करलाई पक्राउ गरेको छ ।

सबैया साझेदारी वन क्षेत्रबाट सालको गोलिया कटान गरी लैजाँदै गरेको अवस्थामा काठसहित तस्करलाई पक्राउ गरेको सबडिभिजन वन कार्यालय बडनिहारका सुबेदार प्रदीप तिमल्सिनाले बताए ।

गस्ती टोलीले पर्सागढी नगरपालिका–४ बक्नेर्वा निवासी वर्ष ४८ को पासपत रामलाई सालको गोलिया र साइकलसहित पक्राउ गरी सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको सुबेदार तिमल्सिनाले बताए ।

यसैगरी, सोमवार बिहान ५:३० बजे सबैया साझेदारी वन क्षेत्रको जङ्गलबाट दुई थान सालको गोलिया र दुई थान साइकल पर्सागढी नपा–३ आँपगाछीनजीकबाट गस्ती टोलीले नियन्त्रणमा लिएको छ । टोलीलाई देखेपछि तस्करहरू भागेका थिए। काठ र साइकल सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको सुबेदार तिमल्सिनाले बताए । चाडपर्व शुरू भएपछि पर्साको राष्ट्रिय वनबाट काठ तस्करीमा वृद्धि भएको स्थानीयले बताएका छन् ।


हार्दिक समवेदना



जन्म
२००८/१२/०६

मृत्यु
२०७८/०६/२१

मेरा आदरणीय **रामाज्ञा चतुर्वेदी**को मिति २०७८ असोज २१ गते असामयिक दुःखद निधन भएकोमा सा्है मर्माहत छु । आज तेऱ्हौं दिनको पुण्य तिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवाजनप्रति श्री पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछु ।

**राजेशकुमार मिश्र**, वीरगंज

## विचारसार र सूक्तिहरू

**विश्वास बढ्न रूखजस्तै समय लिन्छ, तर ढल्नका लागि आँधीको एउटा झोक प्रशस्त हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चाडपर्व र दुर्घटना

दुर्घटना जहिले पनि दुःखद हुन्छ । सामान्य अवस्थामा भएको होस् वा असामान्य अवस्था अथवा चाडपर्वका बेला । हो, खुशीको बेला दुर्घटना हुन्छ भने त्यसको राप र ताप असह्य लाग्छ । बिहेको अवसरमा सम्बद्ध पक्ष दुर्घटनामा पर्दा, चाडपर्व मनाउन एक ठाउँबाट अर्को ठाउँ जाने क्रममा भएको दुर्घटनाले मन र चित्तमा अमिट छाप छाडेर जान्छ । झन् दुर्घटनामा कसैको मृत्यु हुन्छ भने त्योजस्तो दुःखदायी अरू केही हुन सक्दैन । यसपालि दशैं पर्वको अवसरमा यस्ता धेरै दुर्घटना भए । दशैं मनाउन घर जाने क्रममा होस्, घरमा टीका थापेर अन्यत्र–परत्र पनि आशीर्वाद पाउन हिंडेको बेला होस् वा दुर्गापूजामा देवीको मूर्ति भसाउन गएको बेला मूर्तिबाटै पानीमा थिचिएको दुर्घटना होस्, यस्ता दुर्घटना सामान्यभन्दा बढी दुःखदायी हुन्छ । दुर्घटना हुनु संयोग हो भनिन्छ । तर हामीकहाँ हुने धेरै दुर्घटना संयोग मात्र होइन । प्रविधिबारे अज्ञानता, लापरवाही, जसरी पनि पैसा कमाउने लोभ, अवसरवादिताजस्ता मानवीय कमजोरीले दुर्घटना निम्तिन्छ र त्यसमा व्यक्तिको ज्यान जान्छ भने त्यो अक्षम्य अपराधको श्रेणीमा आउँछ ।

पहिले मानिसले धेरै उन्नति गरेको थिएन, ऊसँग प्रकृतिप्रदत्त साधन मात्र थियो, जीवन व्यापार चलाउनका लागि । त्यस बेला दुर्घटना प्राकृतिक कारणले मात्र हुन्थ्यो । बाढी–पहिरो, आगजनी, भूकम्प, चटचाङले गर्दा दुर्घटना हुन्थ्यो । मानिसले प्रकृति वा ईश्वरको मर्जी भनेर सन्तोष गर्थ्यो । त्यसैले त्यस्ता दुर्घटनामा भएको मृत्युलाई संयोग भनिन्थ्यो । तर आज धेरैजस्तो दुर्घटना मानवजन्य देखिन थालेको छ । मानिसले आज जुन प्रविधिको छेलोखेलो आविष्कार गरेको छ, दुर्घटनाको ठूलो कारण त्यही बनेको छ । तर प्रविधिलाई दोष दिनु उपयुक्त त हुन्न । किनकि प्रविधि आफैंमा मानवमैत्री हुन्छ । हो, प्रविधि प्रयोगमा अज्ञानता, अति विश्वास आदि मानवीय कारणले दुर्घटना निम्तिन्छ । यसका लागि मानिस स्वयम् सतर्क र सचेष्ट हुनुपर्छ, जसको हामीकहाँ सर्वथा अभाव छ । मानिसले लापरवाही नगरोस् भने कुनै कारण छैन, प्रविधिले गर्दा कसैको ज्यान जाओस् । सबभन्दा पहिले हामीले प्रयोग गर्ने प्रविधिको सम्पूर्ण जानकारी र सामान्यजनलाई के कारणले प्रविधि मानिसका लागि अहितकर बन्छ भन्ने ज्ञान राख्नु वा दिनु आवश्यक हुन्छ ।

मानिसलाई थाहा छ, आगो छोयो भने पोल्छ, ऊ आगोसँग डराउँछ । तर एउटा जङ्गलमा लापरवाहीवश चुरोट फाल्दा वा स्वार्थवश डढेलो लगाउँदा आफू स्वयम् र बस्ती, मानिसका साथै जङ्गली जनावरहरूको लागि काल बन्छ भन्ने हेक्का हामी राख्दैनौं । सवारीसाधनले अपवादबाहेक आफैं दुर्घटना गराउँदैन । मानिसले सवारीसाधनको हेरचाह राम्ररी गर्दैन, कुन सवारीसाधन कहाँ चलाउँदा सुरक्षाविपरीत हुँदैन, कति मानिस एउटा सवारीसाधनमा यात्रा गर्न सक्छजस्ता सामान्य कुराको ध्यान नराख्दा धेरैजसो दुर्घटना हुने गरेको छ । एउटा डुङ्गामा त्यसको क्षमताभन्दा बढी मानिस चढेका छन् भने डुङ्गा डुब्छ, त्यसमा डुङ्गा होइन, चढ्ने र चढाउने व्यक्ति दोषी हुन् । मोटर आफैं गएर रूखमा ठोकिन्न, भीरबाट खस्दैन । दुर्गाको मूर्तिले कुनै व्यक्तिलाई समातेर थिचिदिंदैन । त्यसमा सरासर मानवीय लापरवाही हुन्छ । एउटा मानिसको त्यही लापरवाही अरू मानिसका लागि दुःखको कारण बन्न पुग्छ । र चाडपर्वजस्तो रमाइलो बेलामा नरमाइलो दुर्घटनाले कस्तो वातावरण सिर्जना गर्छ भनिरहनुपर्दैन ।

# चिनियाँ ऋणभित्रको निहितार्थ

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**ऋण चुक्ता गर्ने अवस्था नभएपछि नवनिर्मित पूर्वाधारमाथि वास्तविक स्वामित्व चीनकै हुनेछ । चीनले साना राष्ट्रको सम्प्रभुतालाई नै सङ्कटमा पार्ने गरी ऋण लगानी गर्ने गरेका कारण श्रीलङ्कालगायतका देशहरूबाट शिक्षा लिई अन्य देशहरू पनि सतर्क हुन आवश्यक छ ।**

पूँजीवाद, विस्तारवाद तथा साम्राज्यवादको चर्को विरोध गर्नमा साम्यवादीहरू खप्पिस हुन्छन् तर एक्काईसौं शताब्दीमा साम्यवादी राष्ट्रकै नीतिका कारण यसको खतरा बढ्न थालेको छ । चीनका महान् नेता माओत्सेतुङको निधनपछि उनीभन्दा बढी अथवा उनको समकक्षमा उभिने हैसियतका अर्को कोही नेता अस्तित्वमा आएनन् तर चीनका वर्तमान राष्ट्रपति सी जिनपिङलाई माओपछिको दोस्रो शक्तिशाली चिनियाँ नेता मानिन्छ । वर्तमान अवस्थामा चीन भनेकै सी जिनपिङ र सी जिनपिङ भनेकै चीन हो भन्दा अतिशयोक्ति नहोला । चिनियाँ राष्ट्रपति जिनपिङको महत्त्वाकाङ्क्षी आर्थिक परियोजना 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)'ले विश्वमैं चर्चा पाएको छ । यस परियोजनामा आबद्ध राष्ट्रहरू चिनियाँ ऋणमा यसरी डुब्न पुगेका छन् कि ती देशहरूमध्ये कतिपय देशको जिडिपीको अधिकांश रकम नै ऋण र सोको ब्याज भुक्तान गर्नमा नै खर्च भइरहेको छ । यसबाट मुक्ति पाउन ती देशहरूले आफ्नो विमानस्थल, महत्त्वपूर्ण बन्दरगाहहरू तथा भूभागसमेत चीनलाई धितोमा राख्न दिनुको विकल्प छैन । एक किसिमले चिनियाँ ऋणको गलपासोमा कसिएका कतिपय देशलाई यसबाट उम्किन गाह्रो भइरहेको छ । बिआरआईको गुलियोमा अल्झिने देशहरू ऋणको गलपासोमा फस्ने निश्चित छ । दक्षिण एसियाली देश श्रीलङ्काको अवस्था यसको ठूलो उदाहरण हो ।

दक्षिण एसियाली देश श्रीलङ्काले चीनबाट लिएको एक बिलियन डलरको ऋण समयमा चुक्ता गर्न नसकी आफ्नो बन्दरगाह नै चीनलाई सुम्पिनुपर्‍यो । चीनले श्रीलङ्कामा विभिन्न परियोजना अन्तर्गत करीब आठ अर्ब अमेरिकी डलर लगानी गर्‍यो । ऋणले थिचिएको श्रीलङ्काले ऋणलाई इक्विटीमा परिवर्तन गर्नुपर्‍यो । पूर्वाधारमाथि चीनको स्वामित्व भयो । चीनको ऋणले चार मिलियन डलरको लगानीमा बनेको श्रीलङ्काको मट्टाला विमानस्थल सञ्चालन गर्न नसकेपछि चिनियाँ कम्पनीले नै सञ्चालन गरिरहेको छ । आर्थिक मन्दीका कारण चीनको ऋण तिर्न नसकेपछि स्वाधीनतामा कैयन सम्झौता गर्न श्रीलङ्का बाध्य भएको छ । हम्बनटोटा बन्दरगाहको ८० प्रतिशत शेयर चिनियाँ कम्पनीलाई र बन्दरगाह ९९ वर्षसम्म चीनलाई भाडामा दिने श्रीलङ्का सरकारको निर्णयले त्यहाँ राजनीतिक आन्दोलन नै सिर्जना गर्‍यो । त्यो आन्दोलन चिनियाँ उपनिवेशविरुद्ध थियो । तत्कालीन राष्ट्रपति महिन्द्रा राजापाक्षे चुनाव हार्नुको प्रमुख कारण पनि यही नै थियो ।

चीनले दीर्घकालीन रणनीतिक महत्त्वको विषयमा सहयोग दिंदै आएको भएपनि अन्य राष्ट्रले छोटो अवधिमा लिने फाइदाले चीनले गरेको लगानीको ऋण तिर्न पर्याप्त हुँदैन । यसले चीनलाई झन् बढी फाइदा पुर्‍याएको छ । बेइजिङले कुनै पनि देशमा आफ्नो प्रभाव बढाउन उसले प्रदान गर्ने ऋण तथा अनुदान निकै अपारदर्शी हुने गर्दछ । यसले गर्दा ऋण सम्झौता गर्ने देशका शासक तथा नेताहरूलाई भ्रष्टाचार गर्न सजिलो हुन्छ तर बिस्तारै–बिस्तारै यसले त्यस देशको स्वाभिमान, स्वावलम्बन तथा सार्वभौमिकतामाथि चोट पुर्‍याइरहेको हुन्छ । चिनियाँ ऋणमा डुब्ने देशले कहिल्यै प्रगति गर्न सक्दैन । यसको ऋण नीति पनि यति बढी आकर्षक एवं लोभलाग्दो खालको हुन्छ कि तत्कालका निम्ति कुनै पनि देशले आफूलाई ऋणको जालोमा सजिलै फस्नबाट रोक्न सक्दैन । अन्तर्राष्ट्रिय आर्थिक अनुसन्धानकर्ताहरूका अनुसार विश्वका करीब एक दर्जन देश चीनको ऋणमा यसरी चुर्लम्म डुबेका छन् कि यसबाट उम्किन गाह्रो छ ।

दक्षिण एसियाकै एउटा अर्को देश पाकिस्तानले पनि चिनियाँ ऋण ४० बिलियन डलरबाट चाइना–पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक)को निर्माण कार्य आठ वर्षअघि सन् २०१३ को मार्चमा शुरू गर्‍यो तर सन् २०२० आउँदासम्म यसको खर्च ४० बिलियन डलर पुगेको अनुमान गरिंदैछ । सन् २०२१ को अप्रिलसम्म पाकिस्तानमाथि ९०.१२ बिलियन डलर विदेशी ऋण रहेको र त्यसमध्ये २७.४ प्रतिशत (२४.७ बिलियन डलर) चीनकै ऋण रहेको छ । चीन–पाकिस्तान आर्थिक कोरिडोरको निर्माण कार्य सम्पन्न भएपछि चिनियाँ ऋणको जालोमा पाकिस्तान पनि नराम्ररी फस्ने निश्चित छ । सिपेक अन्तर्गत ऊर्जा क्षेत्र र विशेष आर्थिक क्षेत्रसित सम्बन्धित कार्य हुनेछन् । पाकिस्तानकै विश्लेषकहरूका अनुसार चिनियाँ ऋणका कारण नै पाकिस्तानले रणनीतिक महत्त्वको ग्वादर बन्दरगाह चीनलाई सुम्पिनुको विकल्प हुनेछैन ।

मध्य एसिया र पूर्व सोभियत साम्राज्यका आर्थिकरूपले कमजोर देशहरू कजाकिस्तान, तुर्कमेनिस्तान, किर्गीस्तान, उज्बेकिस्तान जस्ता देशहरू सन् २०१३–१४ बाट बिआरआईमा संलग्न छन् तर हिसाब गर्दा ती देशहरूले आफ्नो देशको कुल जिडिपीको २५ देखि ४० प्रतिशतसम्म रकम चीनलाई ऋण चुक्ता गर्नमा नै गुमाउने गरेका कारण अब बिआरआईबाट पन्छिन खोज्दैछन् । त्यसैगरी, जिबोटीको कुल जिडिपीको करीब ७५ प्रतिशतभन्दा पनि बढी, ताजिकिस्तान ७५ प्रतिशत तथा लाओस, माल्दिभ्स, मङ्गोलिया, पाकिस्तान, मोन्टेनेग्रो जस्ता देशहरू आफ्नो जिडिपीको ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म ऋणकै रूपमा चीनलाई चुक्ता गरिरहेका छन् । बिआरआई परियोजना समयमैं शुरू भएपनि सम्पन्न हुन एकदेखि डेढ दशकसम्म लाग्ने गर्छ ।

आर्थिक मामिलाका विज्ञहरूका अनुसार पश्चिमी देशहरूमा आएको आर्थिक मन्दीबाट चीन पनि मुक्त रहन सकेको छैन । मन्दीले अर्थव्यवस्थामा भएको क्षतिलाई पूर्ति गर्न पश्चिमी देशहरूमाथिको निर्भरता कम गर्न तथा आफ्नो साना–ठूला उत्पादनलाई विश्वसामु पुर्‍याउने लक्ष्य राखी चीनले बिआरआई परियोजनालाई अघि सारेको हो । खासगरी एसिया, युरेसिया र अफ्रिकाका पिछडिएका तथा विकासोन्मुख राष्ट्रहरूतिर चीनले आफ्नो नजर गडाएको छ । आर्थिक प्रतिवेदन अनुसार आर्थिक वृद्धिमा आएको कमी र भारी मात्राको ऋणका कारण आर्थिक प्रगतिको दौडमा आगामी दिनहरूमा चीन पहिलेजस्तै फुर्तिलो नरहन सक्छ । चुनौतीपूर्ण आर्थिक सुधारले मात्रै चीनलाई आर्थिक वृद्धिको पुरानो गति र लयमा फर्काउन सक्छ तर कडा आर्थिक सुधारलाई वर्तमान चिनियाँ समाजले सजिलै स्वीकार गर्न नसक्ने प्रस्ट छ । शायद त्यही भएर होला चीनले आफ्नो उत्पादनलाई कम विकसित देशमा निर्यात गर्न चाहन्छ किनभने अविकसित तथा गरीब देशहरूमा उत्पादनको गुणस्तरभन्दा सस्तो मूल्यलाई महत्त्व दिने गरिन्छ । पूर्वाधार र स्रोत नभएका देशहरू चिनियाँ ऋणप्रति बढी आकर्षित भएका छन् । यस्ता खाले देशहरूमा नै चीन सडकमार्ग तथा यातायातको विकास गरेर यी देशहरूमा आफ्नो उत्पादन सजिलै पुर्‍याउन तथा ती देशहरूलाई ऋणको प्रभावमा पारी आफ्नो पक्षमा सधैं उभिरहन बाध्य पार्न सक्छ ।

चीनले प्रदान गर्ने आर्थिक सहायताले अन्य मित्रराष्ट्रको सहायतालाई थप कठिन बनाउँदै लगेको कुरा श्रीलङ्काले प्राप्त गरेको अनुभवबाट पुष्टि हुन्छ । आर्थिक तथा वित्तीय सहायता दिन वा सहुलियत दरमा ऋण प्रदान गर्नभन्दा चीनले परियोजनामा आधारित सहायता बजारमा व्यापकरूपमा प्रवाहित गर्दै आएको छ । आफ्नो राष्ट्रमा उत्पादित वस्तुको निर्यात गर्न बन्दरगाहमा आफ्नो प्रभाव महत्त्वपूर्णरूपमा राख्न तथा आफ्नो राजनीतिक स्वार्थपूर्ति गर्न कूटनीतिक सम्बन्ध विस्तार गरी प्राकृतिक सम्पदामाथि प्रभाव जमाउन, अन्तर्राष्ट्रिय बजारमा आफ्नो मुद्रा चलाउन र अन्य शक्तिराष्ट्रको तुलनामा बढी फाइदा लिने उद्देश्यले नै बिआरआई परियोजनालाई अघि सारिएको छ । आफ्नो प्रभाव विस्तार गर्न चीनले आफ्ना कम्पनीलाई सम्भव भएसम्म रणनीतिक बन्दरगाहमा आफ्नो प्रभाव कायम गर्न प्रोत्साहन गरेको पाइन्छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकलगायत अन्तर्राष्ट्रिय दातृ संस्थाहरू तथा अन्य विकसित देशहरूले गर्ने ऋणसम्बन्धी पारदर्शी एवं उच्च नीतिको पालना बिआरआई अन्तर्गतको ऋण सम्झौतामा चीनले गर्दैन । चीनले भने ऋणसम्बन्धी अन्तर्राष्ट्रिय नीति एवं व्यवहारको कहिल्यै पालना गरेन । चीनले केही अंशमा ऋण माफी त गर्‍यो तर परिस्थितिलाई आफ्नो पक्षमा पारी विवादास्पद क्षेत्रलाई नै आफ्नो कब्जामा लिंदै गयो । श्रीलङ्काको हम्बनटोटा बन्दरगाहलाई उसले ९९ वर्षसम्मका लागि आफ्नो प्रभावमा लिइसकेको छ भने सन् २०१५ मा नै चीनको एउटा कम्पनीले अस्ट्रेलियाको डर्बिन शहरस्थित वाटरपोर्ट ९९ वर्षसम्मका लागि लिजमा लिने सम्झौता गरिसकेको छ । सानो तर रणनीतिकरूपमा निकै महत्त्वपूर्ण मानिएको दक्षिण अफ्रिकी राष्ट्र जिबोटीलाई ऋण प्रदान गरी चीनले अमेरिकामाथि समेत दबाब बनाउने काम गर्न थालेको छ । ऋणमा डुबेको सो राज्यले दुई करोड डलर प्रतिवर्षको दरले लिजमा भूमि बिक्री गर्नुबाहेक विकल्प थिएन । जिबोटीले आफ्नो बन्दरगाह चीनलाई भाडामा दिएपछि अमेरिकाको रणनीतिक महत्त्वको यस बन्दरगाहमा पनि चीनको प्रभाव स्थापित भएको छ ।

चिनियाँ ऋणबाट कुनै पनि परियोजनाको निर्माण चिनियाँ कम्पनीले नै गर्छ । त्यस्तो अवस्थामा चीनबाट आएको पैसा चिनियाँकै हातमा जानेछ, जबकि ऋण भुक्तानीको जिम्मेवारी ऋण लिने देशको हुनेछ । ऋण चुक्ता गर्ने अवस्था नभएपछि नवनिर्मित पूर्वाधारमाथि वास्तविक स्वामित्व चीनकै हुनेछ । चीनले साना राष्ट्रको सम्प्रभुतालाई नै सङ्कटमा पार्ने गरी ऋण लगानी गर्ने गरेका कारण श्रीलङ्कालगायतका देशहरूबाट शिक्षा लिई अन्य देशहरू पनि सतर्क हुन आवश्यक छ ।

# यी प्रदेशमा भारी वर्षाको सम्भावना

काठमाडौं, १ कात्तिक/रासस

हाल बङ्गालको खाडीमा र मध्यभारतमा न्यून चापीय प्रणाली र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले नेपालमा बदली हुनाका साथै वर्षा पनि गराएको छ ।

उत्तरतिर सर्दै गरेको उक्त मौसमी प्रणालीको प्रभावले देशका अधिकांश भूभागमा सामान्य बदली रही सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक दुई स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

सुदूरपश्चिम प्रदेशको एक दुई स्थानमा भारी वर्षा भइरहेको छ । महाशाखाका मौसमविद् मञ्जु बासीका अनुसार अहिले लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा हल्कादेखि मध्यम वर्षाका साथै प्रदेश नं १ र २ मा हल्का वर्षा भइरहेको छ । पश्चिमी वायुको प्रभाव जारी रहेको र अझै केही दिन बदली र वर्षा हुने उनले बताइन् । साथै सुदूरपश्चिम र कर्णाली प्रदेशका थोरै स्थानमा आगामी तीन दिन भारी वर्षाको सम्भावना रहेको छ । पाकिस्तान र भारत हुँदै नेपाल प्रवेश गरेको पश्चिमी वायु अहिले नेपालको पूर्वी भागतर्फ सरिरहेको छ । यो वायु सुस्तगतिमा अघि बढ्ने भएकोले नेपालमा अझै केही दिन असर रहने मौसमविद् बासीले बताइन् ।



तस्वीर: फाइल

काठमाडौं उपत्यकामा आइतवारदेखि नै बदली हुनाका साथै कतिपय स्थानमा हल्का वर्षासमेत भइरहेको छ । गएराति काठमाडौंसहित देशका पूर्वी भेगमा हल्कादेखि मध्यम वर्षा भएको थियो । उपत्यकाको आकाशमा बिहानैदेखि कुहिरो लागेको छ । देशको पश्चिमी भेगमा भारी वर्षा भएको छ । महाशाखको पछिल्लो विवरणमा डडेलधुरामा ११६, दिपायलमा ९५, धनगढीमा ८०, वीरेन्द्रनगरमा ५९,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# चर्को घाटामा निगम, आपूर्तिमा व्यवधान आउन सक्ने

-अशोक घिमिरे

काठमाडौं, १ कात्तिक/रासस

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा लगातार वृद्धि भएसँगै कारोबारको एकाधिकार पाएको नेपाल आयल निगमको घाटा चुलिएको छ । विश्व बजारमा कच्चा तेलको मूल्यमा भइरहेको अस्वाभाविक वृद्धिले विश्वभर नै पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ ।

आज मात्रै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल ८५ दशमलव ५८ अमेरिकी डलर पुगेको छ । पछिल्लोपटक अक्टोबर १६ मा इन्डियन आयल कर्पोरेशन (आइओसी)ले पठाएको नयाँ मूल्य सूची अनुसार निगमको घाटा थप बढ्ने देखिएको छ । गत असोज ३० गते आइओसीबाट प्राप्त खरीद मूल्य अनुसार निगमको पाक्षिक घाटा रु दुई अर्ब २२ करोड नाघ्ने प्रक्षेपण गरिएको प्रवक्ता विनीतमणि उपाध्यायले जानकारी दिए ।

आइओसीले पठाएको नयाँ मूल्य अनुसार पेट्रोलमा प्रतिलिटर ५ रुपियाँ ७७ पैसाका साथै डिजेल र आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई इन्धनमा प्रतिलिटर समान सात रुपियाँ नौ पैसा वृद्धि भएको छ । अक्टोबर १६ मा प्राप्त नयाँ मूल्यसूची अनुसार पेट्रोलको खरीद मूल्य प्रतिलिटर ७६ रुपियाँ सात पैसा, डिजेल प्रतिलिटर ७८ रुपियाँ २८ पैसा र आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य प्रतिलिटर ७३ रुपियाँ २४ पैसा पुगेको छ । एलपी ग्यासको मूल्य भने प्रतिसिलिन्डर एक हजार ३७५ रुपियाँ दुई पैसा कायमै छ । आइओसीले पछिल्लो १५ दिनमा एलपी ग्यासको मूल्य बढाएको छैन ।

पेट्रोलको खरीद मूल्य सम्पूर्ण सरकारी कर तथा मूल्य अभिवृद्धि कर (भ्याट) गरी ५६ रुपियाँ ९८ पैसा, डिजेल ३९ रुपियाँ ६६ पैसा, मटीतेल १९ रुपियाँ ६९ पैसा, आन्तरिक हवाई इन्धन १३ रुपियाँ ११ पैसा, अन्तर्राष्ट्रिय हवाई इन्धन चार रुपियाँ ६८ पैसा र एलपी ग्याँस प्रतिसिलिन्डर २५० रुपियाँ ८१ पैसा अतिरिक्त शुल्क लाग्ने गर्छ ।

पेट्रोलमा निगमको सम्पूर्ण खर्च एक रुपियाँ ९६ पैसा, डिजेलमा एक रुपियाँ ५६ पैसा, मटीतेलमा एक रुपियाँ ४६ पैसा, आन्तरिकतर्फ हवाई इन्धनमा प्रतिलिटर एक रुपियाँ ४५ पैसा, अन्तर्राष्ट्रियतर्फ हवाई इन्धनमा प्रतिलिटर एक रुपियाँ ४३ पैसा र एलपी ग्यासमा प्रतिसिलिन्डर ११ रुपियाँ ३८ पैसा जोडिएको छ ।

ढुवानी भाडा र विक्रेताको मुनाफा गरी पेट्रोलको कुल लागत मूल्य प्रतिलिटर १४५ रुपियाँ एक पैसा, डिजेलको



प्रतिलिटर रु १२७ रुपियाँ १६ पैसा, मटीतेल प्रतिलिटर रु ९३ रुपियाँ ४१ पैसा, आन्तरिकतर्फ हवाई इन्धन प्रतिलिटर ९० रुपियाँ ५६ पैसा, अन्तर्राष्ट्रियतर्फ हवाई इन्धन प्रतिलिटर रु ८२ रुपियाँ १३ पैसा र एलपी ग्याँसको लागत मूल्य प्रतिसिलिन्डर एक हजार ९६१ रुपियाँ ८८ पैसा रहेको छ ।

काठमाडौँमा पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १३० रुपियाँ तोकिएको छ । यस्तै, डिजेल र मटीतेलको मूल्य प्रतिलिटर रु ११२, आन्तरिकतर्फ हवाई इन्धनको मूल्य प्रतिलिटर रु ८६, अन्तर्राष्ट्रियतर्फ हवाई इन्धन प्रतिलिटर रु ०।७७० अमेरिकी डलर र एलपी ग्याँसको मूल्य प्रतिसिलिन्डर रु एक हजार ४५० तोकिएको छ ।

पेट्रोल बिक्रीबाट निगमलाई प्रतिलिटर १५ रुपियाँ एक पैसा, डिजेल बिक्रीबाट १४ रुपियाँ १६ पैसा, आन्तरिकतर्फको हवाई इन्धन बिक्रीबाट प्रतिलिटर चार रुपियाँ ५६ पैसा र एलपी ग्याँस बिक्रीबाट प्रतिसिलिन्डर ५११ रुपियाँ ८८ पैसा घाटा हुनेछ । मटीतेल र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा मात्र निगमलाई सामान्य नाफा रहेको छ ।

निगमलाई मटीतेलको बिक्रीबाट प्रतिलिटर १९ रुपियाँ ५९ पैसा र अन्तर्राष्ट्रिय हवाई इन्धन बिक्रीबाट प्रतिलिटर १० रुपियाँ ३७ पैसा नाफा छ । १५ दिनमा पेट्रोल बिक्रीबाट रु ४० करोड ५३ लाख, डिजेल बिक्रीबाट रु एक अर्ब नौ करोड, आन्तरिकतर्फको हवाई इन्धन बिक्रीबाट रु ११ लाख र एलपी ग्याँस बिक्रीबाट रु ७५ करोड ७० लाख गरी रु दुई अर्ब २२ करोड छ लाख घाटा हुने निगमको प्रक्षेपण छ ।

पन्ध्र दिनमा मटीतेल बिक्रीबाट रु दुई करोड ३३ लाख र अन्तर्राष्ट्रियतर्फको हवाई इन्धन बिक्रीबाट रु ९५ लाख नाफा हुनेछ । मटीतेल र अन्तर्राष्ट्रिय हवाई इन्धन बिक्री न्यून भएकाले घाटा पूर्तिमा खासै प्रगति हुन नसक्ने निगमको भनाइ छ ।

विश्व बजारमा भइरहेको इन्धनको मूल्यवृद्धिले निगमको घाटा न्यूनीकरण गर्ने प्रयासमा अवरोध खडा गरेको छ । विगतका घाटा न्यूनीकरण गर्दै नाफामा जान लागेको निगमलाई खरीद मूल्यमा भएको वृद्धिले चुनौती थपेको छ । छ/सात वर्षअघिको रु ३७ अर्ब ऋण तिर्दै निगम विस्तारै नाफामा गएको थियो । गत आवमा निगम फेरि करीब रु तीन अर्ब घाटामा गएको छ । पछिल्लो तीन महीनामा निगम रु छ अर्ब घाटामा गएको प्रवक्ता उपाध्यायले बताए ।

निगम चर्को घाटामा गइरहँदा पेट्रोलियम आपूर्तिमा व्यवधान खडा हुन सक्ने आशङ्का गरिएको छ । निगम लगातार घाटामा गइरहेको अवस्थामा यसले आपूर्ति व्यवस्थामा पनि असर पार्न सक्ने निगमका अधिकारीको भनाइ छ ।

**भारतमा भन्दा नेपालमा सस्तो**

भारतमा भन्दा नेपालमा पेट्रोलियम पदार्थको मूल्य सस्तो रहेको छ । भारतीय बजार रक्सौलको तुलनामा नेपालतर्फ पेट्रोलमा प्रतिलिटर ४८ रुपियाँ ८२ पैसा, डिजेलमा ५२ रुपियाँ ७३ पैसा, अन्तर्राष्ट्रिय हवाई इन्धनमा प्रतिलिटर ०।१०६ अमेरिकी डलर र एलपी ग्याँसमा प्रतिसिलिन्डर १७५ रुपियाँ ६५ पैसा सस्तो छ ।

भारतीय सीमा क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर १७७ रुपियाँ ३२ पैसा, डिजेलको मूल्य प्रतिलिटर १६४ रुपियाँ २३ पैसा र एलपी ग्याँसको मूल्य प्रतिसिलिन्डर एक हजार ६०५ रुपियाँ ६५ पैसा छ ।

सीमावर्ती क्षेत्र वीरगंजमा पेट्रोलको खुद्रा मूल्य प्रतिलिटर १२८ रुपियाँ ५० पैसा, डिजेलको मूल्य १११ रुपियाँ ५० पैसा र एलपी ग्याँसको मूल्य प्रतिसिलिन्डर रु एक हजार ४३० छ ।

नेपालमा पेट्रोलियम पदार्थको मूल्य सस्तो हुँदा सीमावर्ती क्षेत्रबाट अवैधरूपमा भारततर्फ इन्धनको चोरी निकासी हुने सम्भावना बढेर गएको छ । सीमावर्ती क्षेत्रबाट हुने पेट्रोलियम पदार्थको चोरी तस्करी रोक्न निगमले विक्रेतालाई कडा निर्देशन जारी गरेको छ । निगम र स्थानीय प्रशासनको सक्रियताका कारण पछिल्ला समय पेट्रोलियम पदार्थको चोरी तस्करी नियन्त्रणमा आएको छ ।

# सुनको मूल्य प्रतितोला रु ९१ हजार ३००

काठमाडौँ, १ कात्तिक/रासस

नेपाली बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला ९१ हजार ३०० तोकिएको छ । छापावाल सुन दशैँअघि गत असोज २५ गते प्रतितोला रु ९० हजार ६०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा नेपालमा दैनिक सुन तथा चाँदीको कारोबार मूल्य तोक्ने गर्छ । महासङ्घले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आज तेजाबी सुन प्रतितोला रु ९० हजार ८०० मा कारोबार हुनेछ जुन गत सोमवार प्रतितोला रु ९० हजार १५० मा कारोबार भएको थियो ।

महासङ्घले चाँदीको आजको कारोबार मूल्य प्रतितोला एक हजार २२५ तोकेको छ । चाँदी गत सोमवार प्रतितोला रु एक हजार १८० मा कारोबार भएको थियो ।



बाराको परवानीपुर गाउँपालिका–३ लिपनीमालमा घर–घरमा पुगेर जुत्तामा पालिस लगाउँदै सार्की (स्थानीय भाषामा मोची) । स्थानीय ४५ वर्षीय शिवलाल राम करीब १५ वर्षदेखि यो पेशामा आबद्ध रहेका छन् । तस्वीरः तिवारी यादव

# बिदामा सौराहाका होटल भरिभराउ

चितवन, १ कात्तिक/रासस

दशैं बिदाका समयमा जिल्लाको पर्यटकीय नगरी सौराहाका होटल भरिभराउ भएका छन् । कोभिडका कारण लामो समय घुमफिरमा निस्कन नसकेका आन्तरिक पर्यटक आएसँगै होटल भरिभराउ भएका हुन् । सौराहामा आन्तरिकसँगै भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आएका छन् ।

दशैंको फूलपातीको दिनयता अधिकांश होटल पर्यटकले भरिएको व्यवसायीहरूले बताएका छन् । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष दीपक भट्टराईका अनुसार नवमी, दशमी र एकादशीका दिन सौराहाका होटल शतप्रतिशत भरिएका थिए । ती दिनमा कतिपय पर्यटकले राम्रा होटल नपाएपछि फर्किनुपरेको थियो । फूलपाती र अष्टमीका दिनमा पनि ६५ प्रतिशतभन्दा बढी होटलका कोठा भरिएको उनले बताए ।

कतिपय होटल फूलपातीयता पूर्णिमासम्म पूर्णरूपमा बुकिङ भएका छन् । भट्टराईले भने, "१० प्रतिशत हाराहारी भारतीय पर्यटक छन् भने केही तेस्रो मुलुकका छन् । बाँकी सबै नेपाली हुन् ।" होटल जङ्गल क्राउनका प्रमुख कार्यकारी निर्देशक सन्तोष गिरीका अनुसार उनको होटल फूलपातीयता पूर्णिमासम्म सबै कोठा बुकिङ भएका छन् । होटलमा ४० कोठा छन् । उनले भने, "अहिले १०० वटा कोठा भएको भएपनि खाली हुने अवस्था थिएन ।" नेपालीसँगै भारतीय, युरोपेली र इजरायली पर्यटक रहेको उनले जानकारी दिए ।

काठमाडौं, पोखरा र पूर्वी नेपालका धेरै पर्यटक आफ्नो होटलमा आएको उनको भनाइ छ । होटलमा कोठा खाली नभएपछि धेरै पाहुनालाई अन्य होटलमा पठाउनुपरेको उनले बताए । अहिले पनि सामाजिक सञ्जालमार्फत थुप्रै पाहुनाले पठाएका सन्देशको उत्तर आफूले दिन नभ्याएको गिरीले बताए ।

जङ्गल सफारी लजका सञ्चालक सुमन घिमिरे लकडाउनको समयमा समेत विभिन्न प्याकेज सार्वजनिक गरेर होटल बुकिङ गराउनेमध्येका एक हुन् । यो समयमा उनलाई पाहुनाका लागि कोठा पुऱ्याउन मुश्किल पऱ्यो । उनले भने, "विगतका वर्षको तुलनामा यस वर्ष दशैंमा सौराहाको पर्यटन व्यवसाय निकै राम्रो



तस्वीरः फाइल

रह्यो ।"

अप्रत्याशितरूपमा पर्यटक सौराहा आएको भन्दै उनले व्यवस्थापन नै कठिन भएको बताए । क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्षसमेत रहेका घिमिरेको भनाइमा अबका दिनमा पनि पर्यटकको सङ्ख्या आशातीतरूपमा वृद्धि हुनेछ । आउँदा केही दिनसम्मका लागि धेरै होटलमा पर्यटकको बुकिङ छ । सौराहाका ११० पर्यटकीय होटलमा पाँच हजार ५०० बेड रहेका छन् ।

क्षेत्रीय होटल सङ्घका महासचिव गुणराज थपलियाले आन्तरिक र बाह्य पर्यटकले यो वर्षको दशैंमा सौराहा भरिएको बताए । युनिक वाइल्ड रिसोर्टका सञ्चालकसमेत रहेका थपलिया विगत वर्षको भन्दा यस वर्षको दशैंमा आफ्नो होटलमा पाहुनाको चाप बढेको बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिका लागि देशका विभिन्न क्षेत्रबाट पर्यटक यहाँ आएको उनको भनाइ छ । कतिपय घुम्नका लागि आएको र कतिपयले टीका लगाउनका लागि चितवन र छिमेकी जिल्ला आउँदा सौराहा आएको थपलिया बताउँछन् । उनले भने, "अबका दिन विगत जस्तो हुँदैन भन्नेमा हामी आशावादी छौं ।"

होटलहरूमा पर्यटक भरिएसँगै रेस्टुरेन्टहरू पनि पर्यटकले भरिभराउ हुने गरेका छन् । सौराहाको राप्ती किनारमा धेरै रेस्टुरेन्ट छन् । यससँगै अन्य विभिन्न क्षेत्रमा पनि पर्यटकलाई लक्षित गरी रेस्टुरेन्ट बनाइएका छन् । रेस्टुरेन्ट एन्ड बार एशोसिएशन (रेबान)का अध्यक्ष दीपेन्द्र खतिवडा दशैंको टीकाको दिन राप्ती किनारमा एक हजारभन्दा बढी पर्यटक आएको अनुमान गरेको बताउँछन् । तस्बिर लिनेदेखि त्यहाँका रेस्टुरेन्टमा खाएर रमाउनेहरू नदी किनारमा आएका थिए ।

टीका लगाउन आएकाको चहलपहलले होटलसँगै रेस्टुरेन्ट भरिएको उनको भनाइ छ । सनसेट भ्यू रेस्टुरेन्टका सञ्चालक खतिवडा दशैंसँगै सौराहामा सकारात्मक सन्देश प्रवाह भएको बताउँछन् ।

चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्वार सौराहामा निकुञ्जमा रमाउनका लागि आन्तरिक र बाह्य पर्यटक आउने गर्दछन् । विगत दुई वर्षयता कोभिडका कारण थला परेको यहाँको व्यवसाय दशैंसँगै चलायमान भएको हो ।

# प्रकृतिसँग रमाउन सिद्धबाबाधाम

रामपुर (पाल्पा), १ कात्तिक/रासस

कालीगण्डकीको किनारमा फराकिलो चउरसँगै जोडिएको रमणीय



तस्वीरः रासस

सिद्धबाबाधामले धेरैको मन तान्ने गर्छ ।

रामपुर नगरपालिका–८ भुजातमा अवस्थित सिद्धबाबाधाम क्षेत्र राम्रो पर्यटकीय गन्तव्यस्थल बनेको छ । यहाँ कालीगण्डकीको चीसो हावाको मज्जा लिँदै तस्बिर खिच्ने र टिकटक बनाउने बढ्दैछन् ।

महामारी कम भएसँगै हिजोआज मन्दिर दर्शन र अवलोकनका लागि यहाँ चहलपहल बढेको मन्दिरका पुजारी अनन्तराज न्यौपाने बताउँछन् । विशेषगरी शनिवार र बिदाका दिन यहाँ आन्तरिक पर्यटक पुग्ने गर्छन् ।

पर्यटकलाई लक्षित गरी विभिन्न भौतिक पूर्वाधार थप गर्दै पर्यटकीय संरचना बनाउने काम थालिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष त्रिलोचन अधिकारीले बताए । "पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थालेपछि अहिले यो क्षेत्र पर्यटकको धार्मिक गन्तव्यका रूपमा चिनिएको छ, एकान्त र रमणीय ठाउँको अवस्थितिले पनि यस स्थलको विशेष आकर्षण छ"–उनले भने ।

यस क्षेत्रमा स्थानीयको सक्रियतामा मन्दिर प्रवेशद्वार, घेराबार, ऋषिमुनिको मूर्ति, तीनवटा पौवा, सार्वजनिक शौचालय, टर्मिनल, चारवटा चौतारी, पुजारी आवासगृह, १०८ शिवलिङ्ग निर्माण गरिएको छ ।

यो स्थान अवलोकन भ्रमणका लागि मात्र नभएर विवाह, व्रतबन्ध, वनभोजका लागि पनि आकर्षक गन्तव्य बनेको छ । यस आर्थिक वर्षमा रामपुर नगरपालिका–८ को कार्यालयबाट सिद्धबाबा मन्दिर जाने बाटोमा नाली निर्माणका लागि रकम विनियोजन गरिएको वडाध्यक्ष बोमबहादुर नामजाली बताउँछन् ।

प्रचुर पर्यटकीय सम्भावना बोकेको यहाँ प्याराग्लाइडिङ र जलयात्राका लागि पनि संरचना निर्माण गर्न सकिने यस क्षेत्रका मानिस बताउँछन् । कालीगण्डकी किनारैमा रहेको ओढारमा स्थानीयवासी सिद्धबाबाको उत्पत्ति हुनुपूर्व पानी पर्दा ओत लाग्ने गर्दथे । सोही ओढारमा विसं २०५१ असार १४ गते भुजातका स्थानीयवासी दिनेश अधिकारीले राति सपनामा सिद्धबाबाको मूर्ति देखेपछि भोलिपल्ट ओढारमा गएर हेर्दा मूर्ति भेटिएको किंवदन्ती छ । त्यस समयपछि यस ओढारलाई संरक्षण गर्दै अहिले पर्यटकीय क्षेत्रका रूपमा सिद्धबाबाधाम क्षेत्र चिनिएको छ । ओढारका भित्री तथा बाहिरी भूभागमा विभिन्न देवीदेवताका आकृति प्रशस्तै देख्न सकिन्छ । ओढार नजीकै नवज्योति आमा समूह भुजातद्वारा निर्मित मन्दिरमा दुर्गाको मूर्ति रहेको छ भने आसपासमा शिवजीको मूर्ति, बसाहा, १०८ शिवलिङ्ग निर्माण गरिएको छ । यहाँ शिवरात्रि पर्वका अवसरमा विशेष मेला लाग्ने गर्दछ । मन्दिरको उत्तरी भेगमा पवित्र कालीगण्डकी, पश्चिमतर्फ पीपलपाटा सामुदायिक वन, उत्तर पश्चिमतर्फ हरियाली खुला चउर, खेलमैदानले यो स्थान सुन्दर बनाएको छ ।

रामपुर नगरपालिकाले वडा नं ७ को बाहुनडाँडामा प्याराग्लाइडिङ उडान शुरू गरेर यही सिद्धबाबा परिसरमा अवतरण गर्ने योजनाका साथ व्यावसायिक प्याराग्लाइडिङ सञ्चालन गर्ने योजना बनाएको छ ।

यहाँ शौचालय, खानेपानी थप व्यवस्थापन गर्ने, जीर्ण बनेको मन्दिर पुनःनिर्माण, प्रवेशद्वारदेखि मन्दिरसम्म जाने पैदलमार्ग व्यवस्थापन जस्ता भौतिक पूर्वाधार तत्काल गर्नुपर्ने देखिन्छ । मन्दिरको आफ्नै आयस्रोत नहुँदा पनि पूर्वाधार विकासको काममा आर्थिक समस्या छ ।

रामपुर नगरपालिकाले गत आर्थिक वर्षमा विनियोजन गरेको रु पाँच लाख बजेटबाट मन्दिर परिसरमा ट्रस्ट निर्माण गरिएको छ । स्थानीय पीपलपाटा सामुदायिक वन र नवज्योति आमा समूहले यहाँ लाग्ने मेला, विभिन्न पर्वमा सघाउँदै आएका छन् ।

# एक्काइसौं सदीको सार्वजनिक वाहन–साइकल

आज विश्वको लगभग ४० प्रतिशत ऊर्जा स्रोत यातायात सञ्चालनमा नै खर्च हुन्छ। प्रतिदिन दुई करोड ब्यारलभन्दा बढी इन्धन यसै क्षेत्रमा खपत हुन्छ। तेलको भण्डार सीमित छ। यदि यसैगरी इन्धनको खपत बढ्दै गयो भने आउँदो दिनमा ऊर्जाको प्राकृतिक स्रोत त सिद्धिन्छ नै, साथै इन्धनबाट चल्ने द्रुतगामी वाहनहरू पनि उपयुक्त ऊर्जा उपलब्ध हुन नसक्दा र प्रदूषणका कारण आफैं समाप्त हुनेछन्। यस्तो अवस्थामा यातायातको सर्वोपयोगी वाहन साइकलमात्र रहने विशेषज्ञहरूको मत छ।

वाशिंगटनस्थित 'वर्ल्ड वाच इन्स्टिच्युट' नामक अनुसन्धान संस्थानका वैज्ञानिक–विशेषज्ञहरूले गरेको एउटा व्यापक अध्ययनमा यातायातका लागि साइकललाई सबभन्दा उपयुक्त वाहन पाइएको छ। भारत एवं चीनजस्ता विशाल आबादी भएका मुलुकका अधिकांश जनता अहिले पनि अन्य साधनहरूको अपेक्षा साइकलमा नै निर्भर छ। सुप्रसिद्ध महिला विज्ञानिक मर्सिया लोवले यसलाई एक्काइसौं शताब्दीको उपयुक्त वाहन बताएकी छन् र भनेकी छन् कि यो कति ठूलो विडम्बना हो कि विकासशील मुलुकका मानिसहरू जहाँ मोटरगाडी खरीद गर्न हच्किन्छन्, त्यहीं निर्धन मुलुकका मानिस आफ्नो रगत–पसिनाको कमाइको अधिकांश भाग मोटर यातायातमा खर्च गर्छन्। कैयौं मानिस मान्दैनन्। उनी भन्छिन् अब समय आइसकेको छ, मानिसले सोच्नुपर्छ कि मोटर उद्योगका लागि पेट्रोलियम इन्धनको सम्पदा सीमित छ, तिनको स्रोत खुम्चिंदै छ, अतः महँगा वाहनको सट्टा सस्तो एवं सुलभ, हलुको वाहन साइकल नै किन प्रयोग नगर्ने ? भारतलाई उनले साइकल उद्योगमा सबैभन्दा ठूलो निर्माता बताएकी छन् र भनेकीछन् कि भारत साइकल यातायातलाई प्रोत्साहन दिएर सारा विश्वमा यसको प्रचलन बढाउन प्रेरणा दिन सक्छ। यसले पर्यावरणमा व्याप्त विषाक्तता अरू बढ्न रोक लगाउन सकिन्छ र इन्धनमाथिको निर्भरता पनि घट्ने छ तथा यसरी बचत भएको ऊर्जा अन्य आवश्यक काममा खर्च गर्न सकिन्छ।

विज्ञानवेत्ता मर्सिया लोवका अनुसार भारतजस्तै यताका दिनमा चीन र जापानमा पनि साइकल यात्राको प्रचलन बढेको छ।

### युग परिवर्तन कसरी र कहिले

न्युयार्कको जनता पनि अब मोटरकारको अपेक्षा साइकलबाट यात्रा गर्न बढी मन पराउँछ। उनी थप भन्छिन् सानो दूरीको यात्राका लागि साइकल सर्वोत्तम वाहन हो, तर लामो दूरीको यात्राका लागि प्रायः थकाइ र बढी समय लाग्ने मानिन्छ। हुनत पश्चिम जर्मनीको कीलस्थित प्राविधिक विद्यालयका वैज्ञानिकहरूले यस समस्याको पनि समाधान खोजेका छन्। उनीहरूले यस्तो स्वचालित साइकल विकसित गरेका छन्, जुन कार्यक्षमतामा स्कूटर वा मोटरसाइकलभन्दा कुनै पनि किसिमले कम छैन, साथै त्यसमा पेट्रोलियमजस्तो इन्धन पनि प्रयोग हुँदैन। त्यसको सञ्चालन सौर ऊर्जाबाट हुन्छ। एउटा सानो आकारको डिसी मोटरमा ऊर्जा एकत्र गरेर यो साइकल प्रतिघण्टा ४५ किलोमिटरको रफ्तारमा तीन घण्टासम्म गुड्न सक्छ। केही समय सौर ऊर्जा सङ्कलन गरेपछि यसको मोटर पुनः सक्रिय हुन्छ। यसबीच यसलाई सामान्य साइकलझैं चलाउन सकिन्छ। वैज्ञानिकहरूको मत छ कि आउँदो दिनमा यस प्रकारका साइकलहरूको प्रचलन आरम्भ हुनेछ अनि मानिसले मोटरगाडीको साटो साइकललाई नै मन पराउनेछन्।

एउटा सर्वेक्षण अनुसार विश्वभरि अब दुई पाङ्ग्रे सवारीसाधनमा साइकलले लोकप्रियता प्राप्त गरिरहेको छ। त्यसमा सुधार–विकासको वैज्ञानिक प्रयत्न पनि जारी छ। साइकल यात्रालाई प्रोत्साहन दिनका लागि लन्दनको एउटा कम्पनीले त आफ्ना ती कर्मचारीलाई वाहन–भत्ता पनि दिने योजना बनाएको छ, जो इन्धनबाट चल्ने सवारी साधन प्रयोग नगरेर साइकललाई प्राथमिकता दिन्छन्। कम्पनीका मालिकहरूको भनाइ छ कि यो हलुको वाहन खरीद गर्न र त्यसको बन्दोबस्तीमा न भारी रकम खर्च गर्नुपर्छ, न इन्धनमा निर्भर रहनुपर्छ। यसलाई जहाँ पनि लग्न सकिन्छ र आवश्यक पर्‍यो भने काँधमा बोक्न सकिन्छ। दिनभरि कुर्सीमा बसेर काम गर्नेहरूका लागि त साइकल यात्राबाट राम्रो व्यायाम पनि हुन्छ।

**साइलेन्सरविहीन गाडी चलाउँदा यति तीव्र कोलाहल उत्पन्न हुन्छ कि मुटुरोगीहरूमाथि विपरीत असर पर्छ। यसै कारण विश्वका अनेक ठूला नगरहरूमा कोलाहलको निश्चित सीमा निर्धारित गरिएको हुन्छ, त्यसभन्दा बढी उच्च स्तर स्वास्थ्यका लागि हानिकारक मानिन्छ।**

प्रदूषणको बढ्दो विभीषिका, तेलको मूल्यमा निरन्तर भइरहेको बढोत्तरी र आगामी केही दशकमा तेलस्रोत सुक्ने (रित्तिने) सम्भावनालाई हेर्ने हो भने अब आवागमन र यातायातको सुविधाका लागि ध्यान अनायास साइकलतिर आकर्षित हुन्छ। आज एकमात्र साइकल नै यस्तो वाहन हो, जुन उपरोक्त सबै समस्याहरूबाट पूर्णतः मुक्त छ। यसबाट न प्रदूषण फैलन्छ, न धेरै महँगो हुन्छ। शहरका चाक्ला सडकका साथै गाउँ–देहातका साँघुरा बाटामा समेत चलाउन सकिन्छ। यस्तो अवस्थामा यदि यसलाई आजको सदीको महत्त्वपूर्ण र लोकप्रिय वाहनको संज्ञा दिइन्छ भने कुनै अत्युक्ति हुँदैन।

तेलबाट चल्ने वाहनहरूका साथ सबैभन्दा ठूलो समस्या प्रदूषण हो। त्यो मोटरसाइकल होस्, तीनपाङ्ग्रे वाहन अथवा कार, बसजस्ता गाडीहरू–सबै दुई प्रकारको प्रदूषण फिंजाउनमा विशेष भूमिका निर्वाह गर्दछन्। पहिलो त यिनमा इन्धनको रूपमा प्रयुक्त हुने पेट्रोल, डिजल जब इन्जिनमा जान्छ, कैयौं प्रकारको विषाक्त ग्याँसहरू वातावरणमा पुग्छ, फलतः हावा प्रदूषित हुन्छ जसको प्रतिकूल प्रभाव स्वास्थ्यमा पर्छ र थरीथरीको बिमारी हुन्छ। आज विश्वको सबैभन्दा प्रदूषित शहर जापानको टोकियोलाई मानिन्छ, तर यी सबका लागि त्यहाँको अधिकतम पेट्रोल, डिजलचालित वाहन मात्र जिम्मेवार हुन् भन्न सकिन्न, तर यिनको पनि महत्त्वपूर्ण भूमिका छ, यसमा दुई मत हुन सक्दैन। दोस्रो यस्ता साधनले हल्ला पनि बढी गर्छन्। कैयौंपटक त साइलेन्सरविहीन गाडी चलाउँदा यति तीव्र कोलाहल उत्पन्न हुन्छ कि मुटु रोगीहरूमाथि विपरीत असर पर्छ। यसै कारण विश्वका अनेक ठूला नगरहरूमा कोलाहलको निश्चित सीमा निर्धारित गरिएको हुन्छ, त्यसभन्दा बढी उच्च स्तर स्वास्थ्यका लागि हानिकारक मानिन्छ र त्यस स्तरमा कोलाहल उत्पन्न गर्नु अपराधको श्रेणीमा गनिन्छ।

साइकल यी दुवै प्रकारका प्रदूषणबाट मुक्त छ, अतः स्वास्थ्यको दृष्टिले निरापद र बढी लाभकरी मानिन्छ। त्यसले व्यायामको आवश्यकता पनि पूरा गर्छ, जुन इन्धनले चल्ने वाहनहरूबाट पूरा हुन सक्दैन। क्यालिफोर्निया विश्वविद्यालयका शोधकर्ता डा.ई. ग्रिफिथका अनुसार लामो समयसम्म बराबर इन्धनचालित गाडीमा सफर गर्नाले यात्रीहरूमा ढाडको हाडसम्बन्धी अनेकानेक प्रकारका परेशानी उत्पन्न हुन सक्छ। उनी एउटा सर्वेक्षण पछि यस्तो निष्कर्षमा पुगेका हुन्। आफ्नो अनुसन्धानको क्रममा उनले के पाए भने कार एवं अन्य प्रकारका स्वचालित वाहनहरूमा लामो समयसम्म यात्रा गर्ने मानिसमा यसको सम्भावना ७० देखि ८० प्रतिशतसम्म हुन्छ, जबकि ३० देखि २० प्रतिशत मानिस मात्र यस दुष्परिणामबाट जोगिने गुन्जाइस हुन्छ। यसको कारण बताउँदै उनी भन्दछन्– यस्ता वाहनहरूमा लामो समयसम्म निहुरेर बस्नुपर्दा र अङ्ग–प्रत्यङ्ग क्रियाहीन हुन पुग्दा नै यस प्रकारको तकलिफको शुरूआत हुन्छ। जबकि दैनिक जीवनमा साइकल प्रयोग गर्ने मानिसहरूमा नगण्य मात्र यस प्रकारको तकलिफ देखियो। अहिलेलाई यस अध्ययनबाट यति त ज्ञात भयो कि साइकलले हामीलाई स्वचालित वाहनबाट हुने हानिबाट जोगाउने काम मात्र गर्दैन अपितु आजको व्यस्त जीवनमा व्यायामको आवश्यकता पनि राम्ररी पूरा गरिदिन्छ।

# बुङ र अक्टोपस झरना

लमजुङ, १ कात्तिक/रासस

बुङ झरना अवलोकन गर्नेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्न थालेको छ। विश्वका कतिपय मुलुकमा चर्चित चक्रीय अन्नपूर्ण पदमार्गस्थित लमजुङ मर्स्याङ्दी गाउँपालिका–४ च्याम्चेमा यो झरना हेर्न केही दिनदेखि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्न थालेको छ।

कोरोना सङ्क्रमणका कारण लामो समय सुनसानजस्तै रहेकोमा अहिले सङ्क्रमणको असर कम हुँदै गएकोले झरना हेर्न आन्तरिक तथा बाह्य पर्यटक गरी १५० जनासम्म आउन थालेका छन्। केही दिन अघिसम्म मुश्किलले दुई चार पर्यटक आउने गरेकामा यति बेला भने पर्यटक बढ्न थालेसँगै यहाँको चहलपहल बढ्न थालेको छ। यो झरना रमणीय एवं सुन्दर देखिने भएकोले पदमार्गमा आउने पर्यटक आकर्षित हुने गरेको मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष होमबहादुर विकले बताए।

उनले भने–सदाबहार छङछङ झरिरहने झरनाले पर्यटक आकर्षित गरिरहेकोले विगतमा यस झरनामा दैनिक करीब चार सयसम्म पर्यटकले अवलोकन गर्दै आएका थिए। अन्नपूर्ण पदमार्गमा पैदल तथा सवारीसाधनबाट जाने पर्यटक एकपटक बुङ छहरा नहेरी जानै चाहँदैनन्। तारे भीरमा छङछङ गर्दै झरेको छहरालाई पृष्ठभूमि बनाएर तस्वीर लिने र सेल्फी खिच्नेको भीड लाग्छ।

स्थानीय आइतबहादुर गुरुङले भने–छहरा हेर्न रोकिने पर्यटकका कारण होटल व्यवसायसमेत फस्टाएको छ। केही दिन अघिदेखि १०० भन्दा बढी पर्यटकले आवतजावत गर्न थालेको र ती झरना हेर्न रोकिने गरेकाले यहाँको आम्दानीसमेत बढ्न थालेको उनले बताए।

झरनाको वारी च्याम्चेमा होटल छन्। यहाँ लोकल कुखुरासँगै खाना, चिया कफीजस्ता पेय पदार्थ बेच्न व्यवसायीलाई फुर्सदै हुँदैन।

सदरमुकाम बेंसीशहरबाट ३२ किलोमिटर टाढो यो छहरा वर्षात्का बेला निकै ठूलो देखिने भएकोले झरना हेर्दै सेल्फी खिच्ने पर्यटक घण्टौंसम्म भुल्ने गरेको स्थानीयवासीको भनाइ थियो। यतिबेला पर्यटक आगमनको याम भएको र कोरोना सङ्क्रमणको जोखिम पनि कम भएकोले दैनिक ठूलो सङ्ख्यामा पर्यटक ओहोरदोहोर गर्ने गर्छन्। भीरको बाटोमा मन सिरिङ्ग बनाउँदै हिंडेका पर्यटकले आँखै अगाडि ठोकिने झरना देख्दा सबै दुःख र थकान बिर्सने उनीहरूको भनाइ थियो।

त्यस्तै सोही पदमार्गको च्याम्चेकै अर्को अक्टोपस झरनाले पनि पर्यटकलाई थप आकर्षित पार्दै आएको छ। यो झरना बेंसीशहरस्थित चामे सडकको बीच भागमैं झर्ने भएकोले पैदल तथा मोटरसाइकलमा जाने यात्रीलाई त रुझाउँछ नै, झरनाको तस्वीर खिचेर सामाजिक सञ्जालमा नहाल्ने शायद कमै होलान्। अत्यन्त मनमोहक यो झरना अक्टोपसको खुट्टा झैं देखिन्छ। यहाँ आइपुगेर झरना हेर्दा स्वर्गको अनुभूति हुने पर्यटक युनिका पोखरेलले बताइन्।

यस्तो झरना देख्दा नहेरी कहाँ मन मान्छ र, यति मात्र होइन, झरनासँगै सेल्फी त खिच्न छुटाउनै भएन। झरनामा पुग्दा आफैंलाई बिर्सेर स्वर्गमा पुगेको अनुभूति हुने उनको भनाइ थियो। उनीजस्तै यहाँ आउने जो कोहीले अवलोकनपछि स्वर्ग नै पुगेको अनुभूति भएको बताउने गर्दछन्।



लमजुङ मर्स्याङ्दी गापा–४ च्याम्चेस्थित अक्टोपस झरना। तस्वीरः रासस

मनमोहक यस्ता झरनाको थप प्रचारप्रसारका साथै स्थानीय क्षेत्रलाई थप व्यवस्थित गर्न सके अझै थुप्रै पर्यटक आगमनले यहाँको व्यवसाय फस्टाउने पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङ बताउँछन्। गाउँपालिकामा यी झरनासँगै अन्य झरना पनि राम्रो रहेकाले पर्यटन प्रवर्द्धन गर्नका लागि गुरुयोजना बनाएर अघि बढ्ने गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताए। उनले भने–"प्रकृतिमा रमाउने पर्यटकलाई यस्ता झरनाले झन् आकर्षित पार्छ।"

## फरक समाचार

# वर्क फ्रम होमको कारण ४१ प्रतिशत व्यक्तिको मेरुदण्ड कमजोर

स्पाइन अर्थात् मेरुदण्डमा हुने कुनै पनि क्षतिले मान्छेलाई शारीरिक, मानसिक र भावनात्मकरूपले प्रभावित गर्छ। यस्तो भएपछि मांसपेशीमा कमजोरी, शरीरको धेरै भागमा पीडाको साथै डिप्रेशनको पनि समस्या हुन्छ। कोरोनाको कारण संस्थानमा वर्क फ्रम होमको संस्कृति बढेको छ। यसले गर्दा मेरुदण्डमा निकै प्रभाव पारेको छ।

पिएमसी ल्याबको एउटा शोधले भन्छ, कोभिड–१९ को क्रममा वर्क फ्रम होम गर्ने ४१.२ प्रतिशत व्यक्तिको पिठ्युँ दुख्ने र २३.५ प्रतिशत व्यक्तिको घाँटी दुख्ने समस्या भएको छ। कुर्सीमा बस्दा हरेक घण्टामा ६ मिनेट हिंडडुल गर्दा मेरुदण्डमा हुने क्षति जोगाउन सकिन्छ। यसको अलावा प्रतिदिन चाइल्ड पोज, कैट र काउ पोज जस्तो योगासन गर्नुपर्छ। पीडा बढेपछि चिकित्सकको सल्लाह



अवश्य लिनुपर्छ।

मुम्बईको लीलावती अस्पतालमा कन्सल्टेन्ट स्पाइन सर्जन डा विनोद अग्रवालले मेरुदण्ड रोगबाट तन र मनमा पर्ने ५ वटा असर बताएका छन्।


नेशनल इन्स्टिच्युट अफ हेल्थको शोधले भन्छ–मेरुदण्डमा गडबडीको असर व्यक्तिको शारीरिक र भावनात्मक दुवै रूपमा पर्छ।

**पिठ्यूँमा दुखाइः** लगातार झुकेर बस्नाले मेरुदण्डको डिस्क कम्पैक्ट हुन थाल्छ, साथै शारीरिक गतिविधि कम भएकोले मेरुदण्ड वरपरको लिगामेन्ट टाइट हुन थाल्छ। यसबाट मेरुदण्डको लचकता घट्छ। नतीजा लामो समयसम्म बस्दा पिठ्यूँ दुख्ने समस्या हुन्छ।

**कमजोर मांसपेशीः** मेरुदण्ड आवश्यकताभन्दा बढी फैलिएको कारण पेट र त्यसको वरपरको मांसपेशी कमजोर हुन्छ। यस्तो लामो समयसम्म बस्दा हुन्छ।

**घाँटी र काँध दुखाइः** मेरुदण्डलाई टाउकोसँग जोड्ने सर्वाइकल वर्टेब्रामा तनाव भएपछि घाँटी दुख्न थाल्छ। साथै काँध र पिठ्यूँको मांसपेशीमा पनि नोक्सान पुग्छ।

**ब्रेन फोगको गुनासोः** चलखेल नहुँदा मस्तिष्कमा पुग्ने रगत र अक्सिजनको मात्रा घट्छ र सोच्ने क्षमता प्रभावित हुन्छ।



**व्यवहारमाथि असरः** बढी समयसम्म बसिरहनाले न्युरोप्लास्टिसिटी प्रभावित हुन्छ। न्युरोन्सको गतिविधि कमजोर हुन्छ जसबाट व्यक्ति भावनात्मकरूपले कमजोर हुन्छ। डिप्रेशन बढ्छ।

**मेरुदण्ड रोगका तीनवटा प्रमुख कारणः** लामो समयसम्म बस्दा रक्त प्रवाहमा बाधा– स्पाइन युनिभर्सिटी अनुसार लामो समयसम्म बस्दा ग्लुट्समा रक्त सञ्चार बाधित हुन्छ। ग्लूट्स स्पाइनलाई सपोर्ट गर्ने प्रमुख मांसपेशी हो।

**खराब पोश्चरबाट काँध, पिठ्यूँ र घाँटी दुख्ने समस्याः** बसेर झुक्दा, फर्किंदा मेरुदण्डको लिगामेन्ट र डिस्कमाथि तनाव बढ्छ। यसको कारण काँध, घाँटी र पिठ्यूँमा दुखाइ हुन्छ। यसलाई पुअर पोश्चर सिन्ड्रोम भनिन्छ।

**मोबाइलको लतले डिस्क खुम्चिन्छः** लामो समयसम्म स्क्रीनमा काम गर्दा वा हेर्दा टाउकोलाई पटक–पटक झुकाउँछौं त्यसले गर्दा मेरुदण्डमा खिंचाव हुन्छ, जसले स्पाइनको डिस्कलाई सङ्कुचित गर्छ।

**मेरुदण्ड मजबूत बनाउने उपायः** मेरुदण्ड मजबूत बनाउन पेट र पिठ्यूँको मांसपेशीमा मजबूती हुनुपर्छ। यो मांसपेशीले नै मेरुदण्डलाई सन्तुलित र शक्तिशाली बनाउँछ। यो जति बलियो हुन्छ मेरुदण्डमा पर्ने वजनको दबाब पनि उत्तिकै कम हुन्छ।

**कसरत (ब्रिज)ः** जमीनमा सुत्ने। पञ्जामाथि जोड लगाउँदै हिप्सलाई उठाएर शरीरलाई एक सीधमा राख्ने। १० देखि १५ सेकेन्डसम्म रोकिने। १५ मिनेटमा तीन सेट गर्नुपर्छ। प्रत्येक सेटको बीचमा एक मिनेटको अन्तराल राखौं।

**फाइदाः** हिप्सको मांसपेशी मजबूत हुन्छ। लोअर ब्याकलाई सपोर्ट गर्छ। मेरुदण्ड मजबूत हुन्छ।

**योग (चाइल्ड पोज)ः** पञ्जामा बस्ने। हातलाई भुइँमा टाँस्ने, सास लिंदै १ देखि २ मिनेटसम्म यसै अवस्थामा रहने। सास फेर्दै पूर्व अवस्थामा आउने। यस प्रकारको गाई र बिरालोको आसन पनि उपयोगी हुन्छ।

**फाइदाः** शरीर र मेरुदण्डमा रक्त सञ्चार राम्रो हुन्छ। तिघ्रा, नितम्ब र घुँडा मजबूत हुन्छ। मेरुदण्डको मांसपेशी बलियो हुन्छ।

टेलिभिजन हेर्ने समयमा पनि बीच–बीचमा हिंडडुल गरौं। यसबाट मांसपेशीको जकडन घट्छ र लचिलोपन बढ्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# म्यानमाले पाँच हजारभन्दा बढी प्रदर्शनकारी मुक्त गर्ने



तस्वीरः सिन्हुवा

याङ्गोन, १ कात्तिक/एएफपी

गत फेब्रुअरीमा म्यानमाको नागरिक सरकारलाई अपदस्थ गरी 'कू' गरेको सैनिक सरकारको विरोध गर्दै प्रदर्शन गरेको आरोपमा जेलमा परेका पाँच हजारभन्दा बढी व्यक्तिलाई रिहा गरिने यहाँको सैनिक सरकारका प्रमुखले सोमवार बताएका छन् ।

अक्टोबरको अन्त्यमा थन्डिथयुत पर्वको उपलक्ष्यमा पाँच हजार ६३६ कैदीलाई रिहा गरिने सरकार प्रमुख मिन आङ ह्लाइनले बताएका हुन् ।

यहाँ आयोजित एक क्षेत्रीय शिखर सम्मेलनको क्रममा म्यानमामा हाल जारी सङ्कटलाई कम गर्ने आफ्नो सरकारको प्रतिबद्धता अनुसार म्यानमा सैन्य सरकार प्रमुखको उक्त घोषणा आएको बताइएको छ। प्रजातान्त्रिक सरकारको 'कू' भएपछि यसको विरोधको क्रम शुरू भएको र यसबाट देशमा अराजकता छाएको छ । 'कू'को विरोधका प्रदर्शन गर्ने व्यक्तिहरूलाई सैनिक सरकारले गरेको कारबाईको क्रममा एक हजार १०० भन्दा बढी नागरिक मारिनुका साथै आठ हजारभन्दा बढी गिरफ्तार भएका एक मानव अधिकारवादी समूहले जानकारी दिएको छ ।

अझै पनि सात हजार ३०० भन्दा बढी प्रदर्शनकारी देशभरका जेलहरूमा रहेका राजनीतिक कैदीहरूको सहायतासम्बन्धी एक संस्थाका अधिकारीहरूले जानकारी दिएका छन् । जुलाई महीनामा देशभरका जेलहरूबाट दुई हजारभन्दा बढी यहाँको सैनिक सरकारको विरुद्धका प्रदर्शनकारीलाई रिहा गरिएको थियो । रिहा गरिएका यी व्यक्तिहरू सैन्य सरकारको आलोचना गर्ने पत्रकारसहित विभिन्न क्षेत्रका नागरिकहरू रहेका छन् । रासस

# वर्षा र बाढीबाट भारतको केरलामा २६ जनाको मृत्यु, कैयौं बेपत्ता



बाढीले भारतको केरल राज्यको प्रभावित क्षेत्र । तस्वीरः सिन्हवा

नयाँ दिल्ली, १ कात्तिक/सिन्हवा/रासस

भारतको दक्षिणी राज्य केरलामा शुक्रवारदेखि निरन्तर भएको वर्षा र यसका कारण आएको बाढीमा परी कम्तीमा २६ जनाको ज्यान गएको बताइएको छ ।

बाढीको कारण ज्यान गुमाएका यी व्यक्तिहरूमा पाँच बालबालिका पनि छन् । यस बाढीमा परेर अरू एक दर्जनभन्दा बढी मानिस हराइरहेका छन् । बाढीका कारण यहाँको बाटो र बिजुली अवरुद्ध भएको छ । यस कारण यहाँको उद्धारको काम गर्न निकै कठिन भएको बताइएको छ ।

हराइरहेका केही व्यक्तिको शव आइतवार साँझ भेटिएको थियो । केरला राज्यका अधिकारीहरूले आइतवार साँझसम्म मृत्यु हुनेको सङ्ख्या २६ पुगेको बताएका छन् । सरकारी अधिकारीहरूले राज्यका इदुकी र कोट्याम जिल्लामा बाढी र पहिरोको प्रकोप देखा परेको जनाएका छन् ।

कोट्याम जिल्लामा बढीले बढी क्षति पुर्‍याएको यहाँका एक स्थानीय पत्रिका हिन्दुस्तान टाइम्सले जनाएको छ । बाढीमा परेर मृत्यु भएका र हराएकामध्ये अधिकांश सो जिल्लाका रहेका छन् ।

सोमवार बिहानसम्म पनि यहाँ वर्षा जारी छ । बाढीका कारण कतिपय स्थानीय सडक अवरुद्ध भएका छन् । मौसम विज्ञान विभागका अधिकारीहरूले सोमवार पनि वर्षा कायमै रहने बताएका छन् । वर्षाका कारण अहिले पनि कतिपय स्थानको आवागमन बन्द रहेको बताइएको छ । यस कारण उद्धारको काममा पनि कठिनाई भएको उनीहरूले बताएका छन् ।

# भारतमा कोरोनाका सक्रिय सङ्क्रमित ०.५६ प्रतिशत

नयाँ दिल्ली, १ कात्तिक/एएनआई

पछिल्लो एक दिनमा भारतमा १९ हजार ५८२ जना कोरोना भाइरसका सङ्क्रमित यस रोगबाट मुक्त भएका परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ । हाल सक्रिय सङ्क्रमित कुल सङ्क्रमित ०.५६ प्रतिशत मात्र रहेको समाचारमा जनाइएको छ ।

मन्त्रालयले सोमवार दिएको समाचार अनुसार हाल कोरोनाबाट निको भएकाहरू कुल कोरोना सङ्क्रमितको ९८.१२ प्रतिशत रहेको छ । यसैसँगै भारतमा अहिलेसम्म कोरोनामुक्त सङ्ख्या तीन करोड ३४ लाख ३९ हजार ३३१ पुगेको सो मन्त्रालयले जनाएको छ ।

भारतमा पछिल्लो एक दिनमा १३ हजार ५९६ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण भएको छ । योसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ४० लाख ८० हजारभन्दा बढी पुगेको छ । भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाको सङ्ख्या भने एक लाख ८९ हजार पुगेको अधिकारीले जनाएका छन् । यो सङ्ख्या २२१ दिनयताको सबैभन्दा कम भएको समाचारमा जनाइएको छ ।

यसैसँगै भारतमा कोरोना शुरू भएयता अहिलेसम्म कुल चार लाख ५२ हजार ९३१ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको छ । रासस

# असोजमा लक्षितभन्दा बढीलाई खोप

काठमाडौं, १ कात्तिक/रासस

कोरोना भाइरसविरुद्धको खोप लक्षित जनसङ्ख्याभन्दा बढीलाई लगाइएको छ । नेपाल सरकारले यही असोज मसान्तसम्म लक्षित जनसङ्ख्याको कम्तीमा पनि एक तिहाइलाई यो खोप लगाउने लक्ष्य लिएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले असोज मसान्तमा लक्षित जनसङ्ख्यामध्ये ३३ प्रतिशतलाई खोप लगाउने लक्ष्य राखेकामा उक्त लक्ष्यभन्दा बढीलाई नै खोप लगाएको सो मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ ।

प्रधानमन्त्री शेरबहादुर देउवा गत असार २९ गते नियुक्त भएलगत्तै कोरोना महामारीबाट नेपाली नागरिकलाई बचाउने कार्यलाई पहिलो प्राथमिकता दिइने र यसका लागि खोपको व्यवस्था गरी असोज मसान्तसम्म कम्तीमा एक तिहाइ लक्षित वर्गलाई खोप लगाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सोही प्रतिबद्धताबमोजिम स्वास्थ्य मन्त्रालयको समन्वयमा सरकारले खोपको व्यवस्था पनि गरेको हो ।

मन्त्रालयको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले असोज मसान्तभित्र लक्ष्यभन्दा बढीलाई नै खोप लगाएको जानकारी दिए ।

मन्त्रालयको तथ्याङ्कमा लक्षित वर्गमध्ये ४२.२ प्रतिशतलाई पहिलो मात्रा र ३३.५ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइएको छ । १८ वर्षभन्दा माथिका दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने सरकारको लक्ष्य रहेको थियो ।

मन्त्रालयको असोज मसान्तसम्म ३३ प्रतिशत, पुस मसान्तभित्र दुई तिहाइ र चैत मसान्तभित्रमा लक्षित सबै नेपालीलाई खोप लगाउने योजना रहेको छ । महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालका अनुसार अहिलेसम्म नेपालमा एक करोड ८८ लाख ५८ हजार ७१० मात्रा खोप नेपाल आइसकेको छ ।

उनले अब दुई करोड ४१ लाख ५८ हजार ७८० मात्रा खोप खरीद, कोभ्याक्स सुविधामार्फत ल्याइने जानकारी दिए । उनले बालबालिकालाई लगाउने फाइजर एक लाख ६२० मात्रा खोप यही अक्टोबरको अन्तिममा ल्याउने तयारी गरिएको छ ।

सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई मोडर्ना ४० लाख र ६० लाख फाइजर खोप ल्याएर लगाउने तयारी गरेको छ ।

यस्तै, चीनबाट भेरोसेल खोप यही अक्टोबरमा १६ लाख मात्रा र पुससम्ममा ५९ लाख ३६ हजार ४०० मात्रा ल्याउने तयारी पनि थालेको उनले बताए ।

# चोरीको मोटरसाइकलसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १ कात्तिक/

गत असोज १३ गते वीरगंज महानगरपालिका–१५ निवासी रामलखन साहको ना.१९प ६३५५ नम्बरको मोटरसाइकल चोरी भएको थियो । चोरी भएको मोटरसाइकल आज सोमवार नम्बर प्लेट परिवर्तन गरी चलाइरहेका दुईजना मानिसलाई प्रहरीले चेकजाँचको क्रममा पक्राउ गरेको जानकारी गराएको छ ।



पक्राउ पर्नेमा बारा जिल्ला कलैया उपमहानगरपालिका–३ निवासी २३ वर्षीय मोहमद आशिक र अनिष हवारी रहेका छन् ।

उनीहरूले मोटरसाइकलको नम्बर प्लेट परिवर्तन गरी ना.१७प ८३१८ नम्बर प्रयोगमा ल्याएका थिए । चेकजाँच गर्ने क्रममा उनीहरूसँग आवश्यक कागजात नरहेको र पछि मोटरसाइकल चोरीको भएको थाहा भएपछि उनीहरूलाई पक्राउ गरी आवश्यक कारबाईका लागि जिप्रका पर्सा पठाइएको बारा प्रहरीले जनाएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन् १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## यी प्रदेशमा............

घोराहीमा ४८ र नेपालगंजमा ३९ मिलिमिटर वर्षा भएको थियो ।

मौसम पूर्वानुमान बुलेटिनमा प्रदेश नं १, प्रदेश नं २, लुम्बिनी, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा आगामी तीन दिनसम्म भारी वर्षाको सम्भावना रहेको उल्लेख छ । रातिको समयमा पनि प्रदेश नं १, प्रदेश नं २ का साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

आज पनि देशभर सामान्यदेखि पूर्ण बदली रहने छ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका धेरै स्थानका साथै प्रदेश १ र वाग्मती प्रदेशका केही स्थान तथा प्रदेश नं २ का थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्का वर्षाको सम्भावना छ । सुदूरपश्चिम प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना छ ।

देशको पश्चिमी, उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम र बाँकी हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपात हुने सम्भावना छ । सुदूरपश्चिम प्रदेशको एक–दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

मङ्गलवार पनि देशभर सामान्यदेखि पूर्ण बदली रही सुदूरपश्चिम, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थान तथा प्रदेश नं १, वाग्मती प्रदेशका केही स्थान तथा प्रदेश नं २ का थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ भने सुदूरपश्चिमका केही स्थान र प्रदेश नं १, लुम्बिनी, कर्णाली प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

रातिको समयमा पनि देशभर सामान्य बदली रहनाका साथै सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका धेरै स्थानमा तथा प्रदेश १, प्रदेश नं २ र वाग्मती प्रदेशका थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

देशका पश्चिमी, उच्च पहाडी तथा हिमाली भूभागका एकदुई स्थानमा हल्कादेखि मध्यम र बाँकी हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपात हुने सम्भावना रहेकोसमेत उल्लेख गरिएको छ ।

कात्तिक ३ गते बुधवारसम्म पनि सोही मौसमी प्रणाली कायम रहने छ । महाशाखाका अनुसार आज काठमाडौंको अधिकतम तापक्रम २७.८ र न्यूनतम तापक्रम १८.८ डिग्री सेल्सियस रहेको छ ।

## सच्याइएको

यस दैनिकको २०७८ कात्तिक १ गते पाँचौं पातामा प्रकाशित जीराभवानी गाउँपालिकाको 'करारमा शिक्षक पदपूर्ति गर्नेसम्बन्धी सूचना' को **बुँदा नं ६ मा दरखास्त बुझाउने अन्तिम मितिः २०७८/०७/१५ गतेसम्म** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । – विज्ञापन शाखा


## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति : २०७८/०७/०२ गते**

२ नं. प्रदेश बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिकास्थित **बारा क्रसर इन्डस्ट्री प्रालि**द्वारा देहायबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बारा क्रसर इन्डस्ट्री प्रालि, बजनी, जीतपुरसिमरा उपमहानगर वडा नं ३, बारा |
| प्रस्तावकको बेहोरा | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेलबाट क्रसर उद्योग स्थापना कार्य |
| प्रभाव पार्न सक्ने क्षेत्र | जीतपुरसिमरा उपमनपा–३ तथा वरपरका क्षेत्रहरू |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा जैविक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरूबीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकीन गर्न जीतपुरसिमरा उपमहानगरपालिका ३ नं स्थित वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला अन्य व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायमा उल्लिखित ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुनु अनुरोध गरिन्छ ।

**प्रस्तावकको नाम र ठेगानाः बारा क्रसर इन्डस्ट्री प्रालि, बजनी, जीतपुरसिमरा उमनपा**, baracrusher@outlook.com
**परामर्शदाताको नाम र ठेगाना : चित्रांश मल्टिसपोर्ट कन्सल्टेन्सी प्रा. लि., पुल्चोक, ललितपुर**, chitranshmulticonsult@gmail.com
**प्रस्ताव पेश गर्ने नाम र ठेगानाः जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वातावरण शाखा, जीतपुर**



बहुदरमाई नगरपालिकामा रहेको तिलावे खोलामा पानी घटेपछि माछा मार्दै स्थानीयहरु । तस्वीरः धर्मेन्द्र चौरसिया

# जावाको वीरगंजमा शो रूम

प्रस, वीरगंज, १ कात्तिक/

वीरगंज महानगरपालिका प्रतिमा



चोकमा नेपालको लागि क्लासिक लिजेन्ड्स अधिकृत वितरक अग्नि ग्रुपको सहायक कम्पनी अग्नि मोटोइन्क प्रालिले जावा मोटरसाइकलको शो रूम सञ्चालनमा ल्याएको छ।

कम्पनीका वीरगंज डिलर एसआर मोटोकर्पले उक्त शो रूम आज सोमवार एक कार्यक्रम गरी उद्घाटन गरेको छ।

वीरगंज र आसपासका क्षेत्रमा मोटरसाइकलको सङ्ख्या निकै रहेको र मोटरसाइकलप्रेमीबीच जावा प्रतिष्ठित ब्रान्ड रहेको एसआर मोटोकर्पका प्रबन्ध निर्देशक रवीन्द्र श्रेष्ठले बताए।

कम्पनीले मोटरसाइकलप्रेमीहरूले अब जावा, जावा फोर्टी–टु र फ्याक्ट्री निर्मित पहिलो बब्बर पेराक मोडलसहित जावा मोटरसाइकलका विभिन्न मोडल बूक गर्न सक्ने र टेस्ट ड्राइभ पनि गर्न सक्ने जनाएको छ।

जावा हालको चेक गणतन्त्र र तत्कालीन चेकोस्लोभाकियामा ९० वर्षपहिले उत्पादन हुँदै आएको विश्वप्रसिद्ध मोटरसाइकल ब्रान्ड हो।

यो मोटरसाइकल कुनै बेला १२० भन्दा बढी देश निर्यात हुन्थ्यो। यो सन् ६० को दशकमा भारतमा प्रवेश गरेको हो।



तस्वीरः सौजन्य

# लागू औषधसहित एकजना पक्राउ

प्रस, वीरगंज, १ कात्तिक/

इलाका प्रहरी कार्यालय सिमराको गस्ती टोलीले हिजो आइतवार अपराह्न ४ बजे चेकजाँच गर्दा एकजनालाई लागूऔषध नाइट्रोभेट ट्याबलेटसहित पक्राउ गरेको छ।

जीतपुरसिमरा उपमहानगरपालिका–७ स्थित बकुलिया गाउँबाट जीतपुर बजारतर्फ जाने क्रममा बकुलिया गाउँको चोकमा वडा नं ८ निवासी २० वर्षीय विशाल चौधरीलाई ३५० थान लागूऔषध नाइट्रोभेटसहित पक्राउ गरेको हो। गहुँको पीठोभित्र लुकाइराखेको अवस्थामा चेकजाँच गर्दा सो परिमाणको लागूऔषध फेला परेको प्रहरीले जनाएको छ।






# खेलकूदको संसार

## साफको उपविजेता नेपाली फूटबल टोली स्वदेश फिर्ता

काठमाडौं, १ कात्तिक/रासस

माल्दिभ्समा आयोजना भएको १३औं साफ च्याम्पियनशिप फूटबलमा उपविजेता बनेको नेपाली राष्ट्रिय फूटबल टोलीका खेलाडी आज स्वदेश फर्केका छन्।

साफ च्याम्पियनशिपको करीब २८ वर्षपछि नेपाल पहिलोपटक फाइनलसम्म पुगेको हो। माल्दिभ्सको मालेमा शनिवार



नेपाली राष्ट्रिय फूटबल टोली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा। तस्वीरः रासस

राति भएको फाइनल खेलमा नेपाल भारतसँग ३–० गोलअन्तरले पराजित भएको थियो।

फाइनलमा पराजित भएपछि पहिलोपटक साफको उपविजेता बनेको नेपाली फूटबल टोलीलाई युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराज तथा अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का पदाधिकारीलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत गरेका थिए।

त्यस्तै, नेपाली टोलीलाई स्वागत गर्न फूटबल समर्थकको समेत बाक्लो उपस्थिति थियो। उनीहरूले 'थ्याङ्क्यू अब्दुल्लाह' भन्दै नारा लगाएका थिए। प्रशिक्षक अल्दुल्लाह अल्मुताइरी भने माल्दिभ्सबाटै कुवेत प्रस्थान गरेका छन्।

अल्मुताइरीले फाइनल खेलपछि भने दुई साता आराम गर्ने र त्यसपछि मात्र नेपाल फर्कने वा नफर्कने अन्तिम निर्णय लिने बताएका छन्।

विभिन्न पाँच राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल लिग चरणमा उपविजेता बन्दै फाइनलमा पुगेको थियो भने भारत लिगको शीर्ष स्थानमा रहँदै फाइनल खेलेको थियो। लिग चरणमा नेपालले माल्दिभ्स र श्रीलङ्कालाई हराएको थियो। यस्तै, भारतसँग पराजित भएको नेपालले बङ्गलादेशसँग बराबरी खेलेको थियो। १३औं संस्करणसम्म आइपुग्दा भारतले भने आठौंपटक साफ च्याम्यिनशिपको उपाधि चुम्न सफल भएको छ।

# वागमती प्रदेशमा सार्वजनिक सवारी भाडा वृद्धि

प्रस, मकवानपुर, १ कात्तिक/

वागमती प्रदेशमा सार्वजनिक सवारीसाधनको भाडादर वृद्धि भएको



तस्वीरः फाइल

छ। प्रदेश सरकारले औपचारिकरूपमा वृद्धि गरेको भाडादर सोमवारदेखि लागू भएको छ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले कात्तिक १ गतेदेखि लागू हुने गरी नयाँ भाडादर कायम गरेको जनाएको छ। नयाँ भाडादर अनुसार काठमाडौं उपत्यकामा सार्वजनिक यातायात चढेदेखि पाँच किलोमिटरसम्मको दूरीमा १८ रुपैयाँ भाडा तिर्नुपर्नेछ।

त्यसैगरी, १० किमीसम्म यात्रा गर्ने यात्रुले २३ रुपैयाँ, १५ किमीको २७ रुपैयाँ, २० किमी दूरीको सवारी भाडा ३० रुपैयाँ र २० किमीभन्दा माथि ३५ रुपैयाँ भाडा तोकिएको छ।

प्रदेश अन्तर्गत उपत्यकाबाहिरका जिल्लाहरूमा पनि साबिकको भाडादरमा २३ प्रतिशतले वृद्धि गरिएको मन्त्रलयले जनाएको छ। वृद्धि गरिएको भाडादरमा यात्रुका लागि १५ किलोसम्म तौल भएको लगेज ढुवानी निश्शुल्क हुनेछ। १५ किलोभन्दा माथि प्रति १० किलोको पाँच रुपैयाँको दरले भाडा तिर्नुपर्ने व्यवस्था गरिएको छ।

# एमालेको वडा भेला सम्पन्न

प्रस, पोखरिया, १ कात्तिक/

नेकपा एमालेको पोखरिया नगरपालिका वडा नं ३ मा वडा भेला



सोमवार सम्पन्न भएको छ।

वडाको बसन्तपुर फूलवरियामा सम्पन्न भेलाले रामप्रवेश चौहानको अध्यक्षतामा ३१ सदस्यीय वडा कमिटी गठन गरेको सो पार्टी पोखरिया नगर इन्चार्ज राधा साहले जानकारी गराएका छन्।

भेलाका मुख्य अतिथि एमाले पर्साका अध्यक्ष प्रभु हजराले यही कात्तिक ६ गतेसम्म मुलुकका सबै वडामा वडा भेला सम्पन्न गरी वडा कमिटी निर्माण गरिसक्ने र ९ गतेसम्म पालिकास्तरीय अधिवेशन सम्पन्न गरिसक्ने केन्द्रीय निर्देशन रहेको बताए। भेलामा सो पार्टीका नेता एवं संविधानसभा सदस्यहरू राजकुमार गुप्ता, जयप्रकाश थारू र प्रद्युम्न चौहान, पार्टीका जिल्ला सचिव मनोज गुप्ता, प्रदेश कमिटीका सदस्यहरू बलिराम साह, शम्भु गुप्ता, बिना शर्मा, हीरा साह, मुक्ति समाजका केन्द्रीय सदस्य सुरेश हजरा, लोमसका केन्द्रीय सदस्य विन्ध्याचल ठाकुर, अखिल नेपाल महिला सङ्घ पोखरियाकी अध्यक्ष लक्ष्मी कुशवाहालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

वडा कमिटीका अध्यक्ष चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण पोखरिया नगर कमिटीका सचिव सन्तोष गिरीले गरेका थिए।


## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरीबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैङ्गिक तथा सामाजिक समावेशीकरणबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपाङ्गता भएका व्यक्तिको अवस्था जान्न।

नेपाल सरकार

विज्ञापन बोर्ड